नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले मंगलबार गरेको 'फोहोर व्यवस्थापन, समस्या र समाधान' विषयक विज्ञान संवादमा सहभागी वैज्ञानिकले प्रतिष्ठान र विश्वविद्यालयसँग अनुसन्धानका लागि बजेटको अभाव हुँदा प्रविधिको विकासमा समेत समस्या भइरहेको बताए।

**■ फोहोरबाटै हुन सक्छ आम्दानी**

वैज्ञानिकहरूले फोहोर नगर्ने बानीको विकास र फोहोर व्यवस्थापनका उपयुक्त व्यावहारिक ज्ञान अवलम्बन गर्न सके फोहोरबाटै आम्दानीसमेत गर्न सकिनेमा जोड दिए। फोहोरको वर्गीकरण गरी पुनः प्रयोग र उपयुक्त ढंगबाट नस्ट नगरिँदा फोहोरका कारण वातावरण प्रदूषित भइरहेको उनीहरूको भनाइ थियो।

नास्टका उपकुलपति डा. सुनीलबाबु श्रेष्ठले फोहोर जलाएर समस्या समाधान नहुने बताए। 'हामीकहाँ फोहोर जलाएर नस्ट गर्ने चलन छ, तर त्यो वातावरणका लागि अत्यन्तै हानिकारक छ, यसको विकल्प खोजौं,' उनले भने। नास्टकै वैज्ञानिक रवीन्द्र ढकालले नेपालमा रहेको प्लास्टिकजन्य फोहोरबाट इन्धन निकालेर प्रयोग गर्न सकिने बताए। उनले नेपालको कुल इन्धन खपतको पाँच प्रतिशत इन्धन प्लास्टिकजन्य फोहोरबाट निकाल्न सकिने वैज्ञानिक आधार प्रस्तुत गरे। 'बाग्मतीको प्लास्टिक झिकेर त्रिशूलीमा मिसाउँदैमा समस्या समाधान हुँदैन, दिगो समाधानका लागि यसको प्रयोग घटाइनुपर्छ, पुनः प्रयोग गरेर इन्धन निकाल्न सकिन्छ,' उनले भने।

फोहोर पनि यही छ, यसले के संकेत गर्छ ?' मन्त्री पण्डितले प्रश्न गरे। उनले शिक्षित

चाहिनेजत्ति बजेट उपलब्ध गराउन आफू तयार रहेको बताए।

फोहोर व्यवस्थापनमा कार्य गर्दै आएको ब्लु बेस्ट टु भ्यालु प्रालिका निर्देशक नवीन विकास महर्जनले फोहोर व्यवस्थापन गर्न सके पुनः प्रयोग गरेर आम्दानी लिनेतर्फ ध्यान दिन आग्रह गरे। 'हामीले कीर्तिपुर र ललितपुरमा काम गरिरहेका छौं, फोहोरको राम्रो व्यवस्थापन र आम्दानी दुवै गर्न सकिन्छ, कम्पोस्ट प्रविधि मात्र अपनाए पनि १२-१५ प्रतिशत फोहोर मात्रै डम्पिङ हुन्छ,' उनले भने।

वैज्ञानिकहरूले बढ्दो औद्योगिक, अस्पतालजन्य र इलेक्ट्रिक फोहोरको व्यवस्थापनमा पनि बेलैमा ध्यान पुऱ्याउनुपर्ने सुझाब दिए।


## पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलान्चोक
३ नं. प्रदेश, नेपाल

### आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७६/०५/११

पाँचखाल नगरपालिकाको आर्थिक ऐन, २०७६ को अधीनमा रही , यस नगरपालिका क्षेत्रभित्रका विभिन्न सडकहरुमा, पाँचखाल नगरपालिकाको आर्थिक ऐन मा तोकिएका दरमा, सडक मर्मत सम्भार शुल्क संकलनको ठेक्का लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी ठेक्का सम्बन्धी सर्तहरुको अधीनमा रही शिलबन्दि बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी या म्याद नाघी आएका शिलबन्दि बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

१. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले ८ औं दिन ( मिति :२०७६/०५/१८) सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी ९ औं दिन (मिति २०७६/०५/१९) को १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिन दिनको १:०० वजे पाँचखाल नगरपालिकाको कार्यालयमा बोलपत्रदाता वा नीजको प्रतिनिधिको रहोबरमा खोलिनेछ। तर बोलपत्रदाता वा नीजको प्रतिनिधि उपस्थित नभएकै कारणले बोलपत्रहरु खोल्नमा बाधा पर्ने छैन।

२. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको राजश्व शाखामा तिरी सो को सक्कल रसीद वा नेपाल बैंक लि. पाँचखाल शाखामा रहेको यस पाँचखाल नगरपालिकाको खाता नं. १२४०३००००००००४००१००१ मा दाखिला गरी सो को सक्कल भौचर यस कार्यालयमा पेश गर्नुपर्नेछ।

थप जानकारीको लागि पाँचखाल नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ।

**आन्तरिक आय ठेक्का विवरण**

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ .व. २०७६/०७७ का लागि कायम न्यूनतम अंक रु. (मु अ क बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | धरौटी/ जमानत रकम |
|---|---|---|---|---|---|
| १ | PMIR/02/2076/077 | सडक मर्मत सम्भार शुल्क | ४०,८८,१७५/- | ३०००/- | २०४,४०८.७५/- |



धनगढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय




पहिरोले अस्तव्यस्त ब

श्याम खतिवडा/न
दोलखा, १०

दोलखाका डेढ द
पहिरोको उच्च जोखि
छन्। कतिपय गाउँ पा
क्षतविक्षत बनेका छन्
परी सयौं परिवार विस
छन्। पहिरोमा परी ए
नै बेपत्ता तीनजना अ
नपरेका जिल्ला प्रहरी
दोलखाले जनाएको
जिल्लामा यस व
पहिले २१ असारमा ग
गाउँपालिका ८ स्थित
पहिरो गएको थियो।
करिब डेढ दर्जन गाउँ
गइसकेको छ। पहिरो
करिब पाँच करोडबर
भएको प्रहरी तथ्यांक
३१ घर बगाएको दोल
प्रमुख डिएसपी मानब
जानकारी दिए।
'पहिरोमा परी त
र ६ जना घाइते भए
भने, 'पहिरोले करोडौं

## विद्यालयब
## गीत प्रति

काठमाडौं/ बुढानी
मञ्चले बुढानीलकण्ठ न
रहेका सामुदायिक तथा
(प्याब्सन, एनप्याब्सन,
नृत्य प्रतियोगिता आयो
राष्ट्रिय गानका रचयिता
प्रमुख आतिथ्यतामा भए
प्रथम पुरस्कार फ्यूजन
गरेको छ। त्यसैगरी लो
दोस्रो र फेरिल्यान्ड इन्ट
तेस्रो पुरस्कार प्राप्त गरे